के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क १६५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असार १३ गते बुधबार ❑ 28 Jun 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

पोखरा पत्रकारिता सम्मान लक्ष्मी हाउसलाई

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

पोखरा पत्रकारिता सम्मान लक्ष्मी हाउसलाई प्रदान गरिएको छ । नेपाल पत्रकार महासंघ कास्कीको ४७ औं स्थापना दिवसका अवसरमा पोखरा पत्रकारिता सम्मानबाट लक्ष्मी हाउस पोखरालाई सम्मान गरिएको हो । गण्डकी प्रदेश सरकारका अर्थमन्त्री जीतप्रकाश आलेले लक्ष्मी हाउसका अध्यक्ष गणेश श्रेष्ठलाई सम्मान पत्र, दोसल्ला र माला सहित सम्मान गरे ।

सम्मान गर्दै मन्त्री आलेले पत्रकारिता पेशा नै गाह्रो पेशा भएको उल्लेख गरेका छन् । राज्यका अरु अंगले धेरै सुविधा पाउँदा चौथो अंग अझै संघर्षमा रहेको भनाई उनको छ । पत्रकारका नाममा केही पत्रकारले नाजायज काम गरेको भन्दै त्यस्तालाई नियन्त्रणमा लिनुपर्ने आवश्यकतालाई समेत उनले औंल्याएका छन् । वेथिति विरुद्ध पत्रकारको भूमिका महत्वपूर्ण भएकाले यसलाई अझ प्रभावकारी बनाएर लैजानुपर्ने उनले बताए । मन्त्री आलेले राज्यले सहयोग गर्यो भन्दैमा राज्य विरुद्ध लेख्न हुँदैन भन्नु गलत भएको बताए । उनले सोसल मिडियामा आएको विषयवस्तुलाई मात्र आधार बनाएर समाचार बनाइनु गलत भएको उल्लेख गरेका छन् । आधारहीन समाचारले पत्रकारिता क्षेत्र नै धुमिल भएको तर्क उनको छ । 'पत्रकारिताको धर्म र मर्म अनुसार सत्यतथ्यमा आधारित समाचार आउनुपर्छ । तर यहाँ केहि पत्रकारले गलत सूचनाका आधारमा समाचार लेख्दा समग्र पत्रकारिता क्षेत्रमा नै असर पुर्याएको छ ।', आलेले भने । मन्त्री आलेले नेपाली काँग्रेस नेतृत्वको गण्डकी सरकारले नै प्रेसमैत्री आम संचार विधेयक पास गर्ने बताए । अहिलेको बजेटमा पत्रकारहरुको जीवन बीमा र लेखन वृतिका लागि बजेट विनियोजन गरिएको जानकारी गराए । नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष एवम् प्राध्यापक डा.सुरेश आचार्यले पत्रकार र पत्रकार महासंघको सदस्य फरक कुरा भएको बताए । उनले सबै पत्रकारहरु महासंघको सदस्य हुन्छन् भन्ने नभएको उल्लेख गरे । व्यवसायिक पत्रकारिता आजको आवश्यकता भएको भनाई उनको छ । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले संस्थाको भौतिक विकास र उन्नयनमा महत्वपूर्ण भूमिका खेलेका संस्थाहरुलाई वर्षेनी महासंघले सम्मान गर्दै आएको जानकारी गराइन । सोहि अनुसार यसपाली लक्ष्मी हाउसलाई सम्मान गरिएको भनाई उनको छ । उनले कास्कीका पत्रकारिताको व्यवसायिक विकासका लागि महासंघ क्रियाशिल भएर लागिरहेको बताइन् । पत्रकारिता क्षेत्रमा आएका चुनौतीलाई चिर्दै अगाडि बढिरहेको तर्क उनको छ । भण्डारीले पत्रकारिता क्षेत्रमा राज्यको ध्यान कमजोर हुँदा सोचेअनुरुपको परिवर्तन आउन नसकेको बताइन् । समाचार संकलनका क्रममा पत्रकार माथि हुने आक्रमणमा महासंघ चुप लागेर नबस्ने भनाई उनको छ । उनले कास्कीमा पनि शुद्धिकरणको म्याण्डेट अनुसार पत्रकारहरुको शुद्धिकरण गर्ने गरी अगाडि बढेको उल्लेख गरिन् । लक्ष्मी हाउस पोखराका अध्यक्ष गणेश बहादुर श्रेष्ठले सत्यमा आधारित समाचार प्रक्षेपण गर्न पत्रकारलाई अनुरोध गरेका छन् । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष समेत रहेका श्रेष्ठले पत्रकारका कारण नै विन्ध्यवासिनी उच्च स्थानमा रहेको बताए । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिको अगुवाईमा प्राकृतिक चिकित्सालय निर्माण गरी नागरिकलाई उपचारमा सहज बनाएको भनाई उनको छ । साथै लक्ष्मी हाउसलाई संस्थागत सम्मान गरेको प्रति उनले धन्यवाद दिएका छन् । कार्यक्रममा संस्थापक अध्यक्ष उमाकान्त शर्माले पत्रकारिता राजनीतिक विचारका आधारमा भन्दा पनि नागरिकको आवाजलाई बुलन्द बनाउने तवरले अगाडि बढ्नुपर्ने आवश्यकतालाई औंल्याएका छन् । उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले स्वागत गरेको कार्यक्रममा पूर्व अध्यक्ष बद्री विनोद प्रतिक लगायतले बोलेका थिए । सो अवसरमा महासंघ कास्कीले दुई दिनसम्म ' पत्रकारितामा स्वार्थको टकराव' विषयक कार्यशाला राखेको छ । बुधबार सम्म चल्ने कार्यशालामा युनिभर्सिटी अफ अटवा, क्यानाडाका प्राध्यापक डा. भानुभक्त आचार्य र नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष डा.सुरेश आचार्य, पत्रकार वाशुदेव मिश्रले सहजीकरण गरेका छन् ।

पोखरा महानगरको सात अर्ब, १५ करोडको बजेट पारित

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

भौगोलिकरुपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि ल्याएको बजेट मंगलबार पारित भएको छ।

महानगरको १३ औँ नगरसभामा गत असार १० गते उपप्रमुख मञ्जुदेवी गुरुङले आगामी वर्षका लागि रु सात अर्ब १५ करोड १५ लाख १७ हजारको बजेट प्रस्तुत गर्नुभएको थियो । पोखराले चालु आवको भन्दा कम बजेट आगामी आवका लागि ल्याएको थियो । चालु आवको बजेट रु आठ अर्ब, ९९ करोड दुई लाख २९ हजार रहेकामा असार ८ गतेसम्म रु तीन अर्ब ८५ करोड ५५ लाख ८४ हजारमात्र खर्च भएको छ । उपप्रमुख गुरुङले नगरसभामा प्रस्तुत आगामी वर्षका आय व्यय विवरण तथा कार्यक्रम छलफलसहित पारित गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नगरसभा सदस्यबीच राम्रोसँग आवश्यक छलफल गरी आज बजेट पारित गरेका छौँ । आगामी वर्षको बजेटले समुन्नत पोखरा निर्माणमा सहयोग पुग्ने विश्वास लिएका छौँ ।" महानगरले निर्वाचित जनप्रतिनिधिको पहिलो कार्यकालमा हासिल गरेका उपलब्धिलाई संस्थागत गर्दै समुन्नत पर्यटकीय पोखराको दीर्घकालीन सोचलाई प्राप्त गर्ने गरी आगामी आवको बजेट ल्याइएको जनाएको छ । बजेटमा पर्यटन प्रवर्द्धन, दिगो पूर्वाधार विकास, वातावरण संरक्षण, सम्वर्द्धन तथा फोहोरमैला व्यवस्थापन, संस्थागत विकास, सुशासन प्रवर्द्धन तथा गुणस्तरीय सेवा प्रवाह, स्वरोजगार, उद्यमशीलता तथा व्यावसायिक कृषि प्रणालीको प्रवर्द्धनलाई प्राथमिकतामा राखिएको छ ।

महानगरले आगामी आवको कूल बजेटमध्ये पूर्वाधार विकासतर्फ रु दुई अर्ब, ७० करोड, सामाजिकतर्फ रु छ करोड ५० लाख, आर्थिक विकासतर्फ रु १० करोड, वडाका लागि रु ७२ करोड ६० लाख, नगरपालिका खर्च रु ८१ करोड २२ लाख, सङ्घीय सशर्ततर्फ रु दुई अर्ब २३ करोड विनियोजन गरिएको छ ।

महानगरको बजेटको खर्च व्यहोर्ने स्रोतमा सङ्घीय सरकार अनुदानबाट रु दुई अर्ब ७६ करोड ३२ लाख, प्रदेश सरकार अनुदानवाट रु १० करोड २३ लाख ६२ हजार, आन्तरिक आयबाट रु दुई अर्ब २७ करोड ८७ लाख, सङ्घीय राजस्व बाँडफाँटबाट रु ३६ करोड ६२ लाख र प्रदेश राजस्व बाँडफाँटबाट रु आठ करोड २५ लाख अनुमान गरिएको छ ।

यसैगरी स्थानीय राजस्व बाँडफाँटबाट रु एक अर्ब एक करोड ७५ लाख र सङ्घीय सरकार सहरी विकास आयोजना अनुदानबाट रु आठ करोड ४० लाख ९१ हजार र न्यून हुने रु ४५ करोड ६८ लाख ६५ हजार चालु आवको अन्त्यमा बचत हुने मौज्दातबाट बेहोरिने उपप्रमुख गुरुङले जानकारी दिनुभयो ।

ललिता निवास प्रकरणमा थप पाँच पक्राउ

रासस
काठमाडौं, १२ असार

ललिता निवासको जग्गा प्रकरणमा प्रहरीले थप पाँच जनालाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइवी)ले काठमाडौंका विभिन्न क्षेत्रबाट उनीहरूलाई मंगलाबर पक्राउ गरेको हो । नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुँबेर कडायतले पक्राउ पर्नेमा मालपोत कार्यालय डिल्लीबजारका तत्कालीन प्रमुख कलाधर देउजा, सोही कार्यालयका कर्मचारी सुरेन्द्रमान कपालीसहित धर्मप्रसाद गौतम, हुपेन्द्रमणि केसी र गोपाल कार्की छन् ।

सिआइवीले कीर्ते गरेको कसुरमा उनीहरूविरुद्ध अनुसन्धान गरिरहेको छ । सोही प्रकरणमा आज बिहान भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङलाई प्रहरीले पक्राउ गरेको थियो । गुरुङसँगै मंगलबार उक्त प्रकरणमा छ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । सरकारी स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी गर्ने कार्यमा संलग्न भएको अरोपमा उनीहरूलाई पक्राउ गरिएको हो । विसं २०४९ देखि २०६९ सम्ममा ललिता निवासको जग्गा लिखत कीर्ते गरी हिनामिना भएको

बाँकी अन्तिम पृष्ठमा ▶▶

बजेटको सूचना चुहावटबारे छानबिन गर्ने मन्त्री आलेको प्रतिबद्धता

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

गण्डकी प्रदेशका आर्थिक मामिलामन्त्री जीतप्रकाश आलेले बजेटको सूचना चुवावट सम्बन्धमा छानविन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

गण्डकी प्रदेश प्रदेशसभाको मंगलबारको बैठकमा प्रमुख प्रतिपक्षी दलले बजेटको चुवावट भएको दाबी गर्दै सभा बैठक अवरुद्ध गरेपछि जवाफ दिँदै उहाँले मन्त्रालयले छानबिन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सूचना चुहावट सम्बन्धमा त्रुटी एवम् कानुनविपरीत भएको पाइएमा कारबाही गर्ने गराउने उहाँले विश्वास व्यक्त गर्नुभयो । कार्यव्यवस्था परामर्श समितिको बैठकमा मन्त्रालयगत विनियोजनका छुट्टाछुट्टै किताब छाप्ने सम्बन्धमा सहमति भएको उहाँले बताउनुभयो । आगामी आर्थिक वर्षबाट लागू हुनेगरी योजना बैंक बनाउने कुरा तय भएको उहाँको भनाइ छ ।

समपुरक विशेष योजनालाई परम्परा एवम् नियम कार्यविधि विपरीत भए त्यसलाई सच्याइने समेत उहाँको भनाइ छ । उहाँले योजना कार्यान्वयनमा आएपछि प्रदेशसभा सदस्यलाई अनुगमनमा खटाइने समेत भनाइ राख्नुभयो । त्यसअघि प्रतिपक्षी दल नेकपा एमालेका प्रमुख सचेतक गोविन्द नेपालीले वार्षिक विकास कार्यक्रम प्रदेशसभा सदस्यले प्राप्त गर्नुभन्दा ५८ घण्टा अघि सत्ता गठबन्धनका कार्यकर्ताबाट सामाजिक सञ्जालमा राखिएको लगायतका विषय उठाउँदै त्यसबारे स्पष्ट कुरा नआउँदासम्म बैठक अघि बढ्न नसक्ने अडान लिनुभएको थियो ।

अन्नपूर्ण-४ थाप्लेमा हनुमतधाम निर्माण गरिने

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

कास्कीको अन्नपूर्ण गाउँपालिका-४ स्थित थाप्लेमा हनुमतधाम निर्माण गरिने भएको छ । प्राचीनकालदेखि सल्यान र आसपासका सर्वसाधारणले श्रद्धाभक्तिपूर्वक पूजाआजा गर्दै आइएको थाप्लेको भूमे मन्दिर नजिकै हनुमतधाम निर्माण गर्ने गरी पहल बढाइएको हो ।

धाम निर्माणका लागि गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयबाट विस्तृत आयोजना प्रतिवेदन तयार गरिसकिएको छ । यसअनुसार ७० मिटर लम्बाइ र ५० मिटर चौडाइ क्षेत्रफलमा हनुमानको मूर्ति रहने जनाइएको छ । डोमबाट ६४ फिट उचाइमा हनुमानको मूर्ति रहने छ । मूर्तिसहित राम-सीताको मन्दिरलगायतका संरचना रु २३ करोड ७३ लाख ५३ हजारको लागतमा निर्माण हुनेछ ।

धाम निर्माणका लागि सोमबार आयोजित बृहत् छलफल एवं अन्तर्क्रियामा वक्ताहरूले कुनै पनि आग्रह-पूर्वाग्रह नलिई यस क्षेत्रको समुन्नतिका लागि एकजुट बन्नुपर्ने आवश्यकता औँल्याए । कार्यक्रममा नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले महाबली हनुमानले लक्ष्मणलाई बचाउनका लागि कालाञ्जर पर्वतबाट सञ्जिवनी बुटी ल्याउने क्रममा यस स्थानमा टेकेको विश्वास रहेको बताउनुभयो । यहाँस्थित शिलामा हनुमानका पाइला रहेको विश्वास गरिन्छ । यहाँ हनुमतधाम निर्माण गरेसँगै यो गण्डकी प्रदेशको मात्र नभई समग्र नेपालको नै विशिष्ट धार्मिक पर्यटकीय गन्तव्य बन्ने उहाँले बताउनुभयो । धामसँगै यस स्थानमा हनुमत औषधालय, गुरुकूल आदि निर्माण हुने उहाँले बताउनुभयो।अन्नपूर्णगाउँपालिकाका प्रमुख विष्णुबहादुर केसीले यस क्षेत्रको समृद्धि र विकासका लागि हनुमतधाम महत्त्वपूर्ण बन्ने विश्वास व्यक्त गर्दै यसका लागि सबैको साथ र सहयोग आवश्यक हुनेमा जोड दिनुभयो । धाम निर्माणमा गाउँपालिकाका तर्फबाट सक्दो सहयोग हुने उहाँले बताउनुभयो । प्रदेशसभा सदस्य प्रकाश बराललले पुम्दीकोटमा विशाल महादेव निर्माणको अनुभव व्यक्त गर्दै निर्माणमा प्रत्येक स्थानीयले अपनत्व लिनुपर्ने आवश्यकता औँल्याउनुभयो । प्रदेशसभा सदस्य सरस्वती गुरुङले यस स्थलको सुन्दरता र महत्त्वलाई उजागर गर्न हनुमतधाम निर्माणलाई निष्कर्षमा पुर्‍याउनुपर्ने बताउनुभयो । नेपाली कांग्रेसका केन्द्रीय प्रचार विभाग सदस्य राजबहादुर गुरुङले निर्माणाधीन हनुमतधामसँगै आसपासका पुम्दीकोटको शिवमन्दिर, पञ्चासे, कास्कीकोट, सराङकोट हुँदै तान्चोकसम्मका धार्मिक पर्यटकीय गन्तव्यलाई समेटेर विकास गर्न सकिने बताउनुभयो । अन्नपूर्ण गाउँपालिकाका पूर्वअध्यक्ष युवराज कुँवरले अघिल्लो कार्यकालमा ताल चियाउने गराबाट थाप्लेसम्म आउने पदमार्गको निर्माणसँगै यस क्षेत्रको पूर्वाधार निर्माणमा पहल गरिएको बताउनुभयो । नेकपा (माओवादी केन्द्र) अन्नपूर्ण गाउँपालिकाका उपाध्यक्ष शोभाखर अधिकारीले हनुमतधामलाई पुम्दीकोट, पञ्चासे, कास्कीकोटको कृष्ण मन्दिर, सराङ्कोटको गणेश मन्दिरसँग जोड्नुपर्ने आवश्यकता औँल्याउनुभयो । गण्डकी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव विनोद कुँवरले धाम निर्माणका लागि साथ र सहयोग गर्ने विश्वास व्यक्त गर्नुभयो ।



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

कालावाङ घरेडी पोखरा तमु समाजमा भाषण कला तालिम

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

कालावाङ्ग घरेडी पोखरा तमु समाजमा बोल्ने कला सम्बन्धि तालिमको समापन भएको छ। उदघोषण, भाषणकला तथा बोल्ने कला तालिम १० दिन सम्म चलेको थियो । तालिम रेडियो अन्नपूर्णका स्टेशन म्यानेजर सन्जय मल्ल र सञ्चारकर्मी सविन रेग्मीले प्रदान गरेका थिए।

समापन कार्यक्रममा पोखरा महानगरपालिका वडा नम्बर २२ का अध्यक्ष हिमलाल बरालले प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गरेका थिए । उक्त अवसरमा बोल्दै वडाध्यक्ष बरालले इच्छाशक्तीले नै मानिसलाई सगरमाथाको चुचुरोमा पुर्‍याउने हुँदा सिकेका विषयलाई आत्मविश्वासका साथ उपयोग गर्न आग्रह गर्नुभयो । उहाँले फरक प्रसंगमा पोखरा महानगरपालिकाको वडा नम्बर २२ लाई आफ्नो कार्यकालमा नमुना वडा बनाउने बताउनुभयो ।

समाजका अध्यक्ष हनेरी सुवेदार मेजर गमबहादुर गुरुङले तीलिम लिएको १० दिनमै बोल्ने कलामा सहभागीहरुमा आएको परिबर्तनले आफुलाई खुसी लागेको बताउनुभयो। निवर्तमान अध्यक्ष दुर्गबहादुर गुरुङले आफुमा भएको ज्ञान, सिप र क्षमतालाई प्रस्फुटन गरे मात्रै उक्त ज्ञान, सिप र क्षमताको उपयोगिता सिद्द हुने बताउनुभयो। समाजका अध्यक्ष हनेरी सुवेदार मेजर गमबहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा समाजका उपाध्यक्ष कृष्ण प्रसाद गुरुङ, कालावाङ्ग घरेडी पोखरा तमु आमा समुहका अध्यक्ष विष्णु गुरुङ, सल्लाहकार संयोजक प्रेमकाजी गुरुङ, सल्लाहकार लौ प्रसाद गुरुङ, प्रशिक्षक एवम सञ्चारकर्मी सञ्जयकुमार मल्ल लगायतले बोलेका थिए । कार्यक्रमको सञ्चालन समाजका सचिव कमल गुरुङले गरेका थिए । कार्यक्रममा सहभागी प्रशिक्षार्थीहरु कल्पना गुरुङ, ममिता गुरुङ, भुविन्द्र प्रसाद गुरुङ, प्राण गुरुङ, सुशिला गुरुङ, घनश्याम गुरुङ, जीतबहादुर गुरुङ, ओमकाजी गुरुङ, टिकप्रसाद गुरुङ, विमला गुरुङ, शर्मिला गुरुङ, ववितां गुरुङ, सुजन गुरुङ, धनु गुरुङ, सरिता गुरुङ, निशा गुरुङ, उषा गुरुङ, प्रतिमा गुरुङ, विमला गुरुङ, विष्णु गुरुङ लगायतले तालिमको अनुभवबारे बोलेका थिए।

विद्युत् महशुल तत्काल नबढ्ने

श्रीकृष्ण सिग्देल
स्याङ्जा, १२ असार

नयाँ आर्थिक बर्षबाट विद्यूत् महशूल समायोजन गरिदिन गरेको प्रस्ताबमा कुनु सुनुवाई नहुने भएको छ । बुटवल पावर कम्पनीले आँधीखोल जलविद्युत उत्पादन केन्द्रबाट उत्पादित् विद्युत्को महशुल समायोजन गर्न गरेको प्रस्तावमाथी हाललाई सुनुवाई नहुनेगरी थन्किएको हो।

बुटवल पावर कम्पनीले विद्युत नियमन आयोगमा विद्युत उत्पादन र प्रसारणमा घाटा भएको प्रतिवेदन पेश गर्दै महशुल समायोजन गरिदिन प्रस्ताव पेश गरेको थियो । विद्युत महशुल बढाउन उचित छ या छैन भनी आयोगले २०७९ चैत्र १० गते काठमाण्डौंमा सार्वजनिक सुनुवाई गर्ने भन्दै सार्वजनिक सुचना जारी गरेको थियो । तर उक्त सार्वजनिक सुनुवाईमा स्याङ्जावासी उपभोक्ता भने खबर बिहिन थिए । समाचार बाहिर आएपछि विद्युत महशुल बृद्धि नगर्न यहाँका जनप्रतिनिधि, उपभोक्ता, राजनीतिकदल र नागरिक समाजले चर्को बिरोध गरेका थिए।

विद्युत उपभोग गर्ने उपभोक्ताको चर्को दवाव र बुटवल पावर कम्पनीले वितरण गरेको प्रशारणमा केही त्रुटी देखिएपछि हाललाई महशुल समायोजन गर्न नसकिने निष्कर्ष आयोगले निकालेको बताएको छ । आयोगका सचिव गोर्कण पन्थले अहिले बुटवल पावर कम्पनीले पेश गरेको महशुल बृद्धिमा सुनुवाई नभएको बताए। जनप्रतिनिधि र उपभोक्ताको चर्को दवाव आयो उनले भने,'आयोगले यसबारे अनुसन्धान गर्दा बढाउनु पर्ने देखेन र हाललाई स्थगित भएको छ ।' कम्पनीलाई केही घाटा देखिएपनि जनताको गुनासो अनुसार आयोगले अहिलेले विद्युत महशुल समायोजनमा साथ दिन सकेन उनले भने । महशुल बृद्धि गर्ने बिषय सार्वजनिक गर्न नसकिएको समेत उनले जानकारी दिए।

विपिसीले विद्युत प्राधिकरणलाई बेच्न खोजिरहेको छ सचिव पन्थले भने,'यो प्रक्रिया पनि छलफलकै क्रममा छ।' यो बर्ष स्याङ्जाका उपभोक्ताले पुरानै महशुल तिर्न पाउने वातावरण सिर्जना भएको छ उनले भने। आयोगले दिएको जानकारी अनुसार आँधीखोला जलविद्युत केन्द्रबाट उत्पादित महशुल हाल नबढ्ने भएको छ। बुटवल पावर कम्पनीले उपभोक्ताको ढाड सेक्नेगरी विद्युत महशुल बढाउने तयारी सफल हुन सकेन।

२०७३ साल साउनदेखी लागुहुने गरी नयाँ विद्युत महशुल लागु गरेको कम्पनीले झण्डै ७ बर्षको अवधीमा घाटा भएको बहानामा पुन विद्युत महशुल बढाउने तयारीमा लागेको थियो। प्रति युनिट २ रुपैया तिर्दै आएका उपभोक्ताले ०७३ सालदेखी नयाँ महशुल निर्धारण गर्दा प्रति युनिट औषधमा न्युनतम ५ रुपैया ८०७ पैसा तिर्दै आएका थिए । कम्पनीले आयोगलाई औषतमा प्रति युनिट ५ रुपैया २६६ पैसा घाटा हुदै आएको जनाउदै यो घाटा परिपुर्ति गर्न ५ रुपैया २६६ पैसा बढाउन पर्ने प्रतिवेदन आयोगमा बुझाएको थियो । कम्पनीले आँधीखोलाबाट ९.३ मेगावाट विद्युत उत्पादन गर्दै आएको छ। स्याङ्जाका भीरकोट, वालिङ, गल्याङ र चापाकोट नगरपालिका र पाल्पाका केही पालिकाका ३९ हजार २ सय सेवाग्राहीले यो विद्युत उपभोग गर्दै आएका थिए। यसका लागि ३ करोड ४३ लाख युनिट विद्युत खपत हुने कम्पनीले जनाएको छ। आयोगले कम्पनीले प्रस्ताव पेश गरेकै आधारमा महशुल समायोजन गरिदिएको भए विद्युत प्राधिकरणकै शुल्क तिर्नुपर्ने अवस्था आउने थियो।

तत्कालिन अवस्थामा संघिय सांसद, गण्डकी प्रदेशका सांसद र स्थानीय पालिकाका प्रमुखहरु सहित उपभोक्ताले पनि चर्को बिरोध गरेका थिए। यो आर्थिक बर्षका लागि चर्को महशुल तिर्नबाट बचेका उपभोक्ताहरु अर्को आर्थिक बर्षबाट भने कस्तो अवस्था आउने हो त्यो भने हेर्न बाँकी छ । यस बिषयमा उपभोक्ताहरु, यहाँका जनप्रतिनिधिहरु चनाखो भइरहेनुपर्ने अवस्था छ।

उत्खनन् बन्द गर्ने निर्णय कडाईका साथ लागू गरिने

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

कास्की जिल्लामा नदि तथा खानीजन्य पदार्थको उत्खनन कार्य बन्द गर्ने निर्णय गरिएको छ। नदि तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति अध्यक्ष एबम जिल्ला समन्वय समिति कास्किका प्रमुख लिलाधर पौडेलको अध्यक्षतामा सम्पन्न समितिको बैठकले सो निर्णय गरेको हो।

बैठकबाट नदिजन्य पदार्थ उत्खनन सम्बन्धि संघिय मापदण्ड पहिलो संसोधन २०७९ को दफा ४ को १६ नम्बर बुदा बमोजिम आषाढ देखि भाद्र मसान्तसम्म सबै किसिमको उत्खनन कार्य बन्द गर्नुपर्ने उल्लेख भए अनुसार सो कार्य कडाइका साथ लागू गर्न जिल्ला प्रशासन कार्यालय र सबै स्थानीय तहहरूलाइ पत्राचार गर्ने निर्णय गरिएको छ।

साथै सम्पूर्ण पालिकाहरूलाई नदिजन्य पदार्थको मौज्दात प्रमाणित गराइ सो को जानकारी सात दिन भित्र जिल्ला अनुगमन समितिलाई उपलब्ध गराउन आग्रह गरिएको छ। सात दिन भित्र मौज्दात विवरण उपलब्ध नगराएको पाइएमा बिक्रीवितरण गर्न नपाउने कार्यलाई कडाइका साथ लागू गर्ने निर्णय गरिएको जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनु भयो।

निर्णय कार्यान्वयन भए नभएको कडाइका साथ अनुगमन हुने भन्दै कास्कीका कतिपय स्थानमा उल्लेखित मापदण्ड बिपरित उत्खनन जारी रहेको पाइएको हुँदा नियम पालना नगर्नेलाई कानुन अनुसार कारबाहीको दायरामा ल्याइने जिल्ला अनुगमन समितिका सदस्य सचिब एबम कास्कीका जिल्ला समन्वय अधिकारी नवराज बरालले बताउनु भयो।

मन्साङकोटमा प्याराग्लाइडिङको व्यावसायिक उडान

पोखरापत्र संवाददाता
वालिङ, १२ असार

स्याङ्जाको वालिङ-१ मन्साङकोटमा व्यावसायिक प्याराग्लाइडिङ हुँदै आएको छ। प्याराग्लाइडिङका लागि प्रचुर सम्भावना बोकेको यस ठाउँमा परीक्षण उडान सफल भएपछि पछिल्लो समय नियमित उडान हुँदै आएको हो।

बाबु एडभेञ्चर प्याराग्लाइडिङ प्रालिले व्यावसायिक प्याराग्लाइडिङ सञ्चालन गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट इजाजत तथा अनुमति लिएर व्यावसायिक उडान थालेको प्रालिका सञ्चालक सानोबाबु सुनुवारले बताउनुभयो। यस ठाउँमा परीक्षण उडान गरी सफल भएसँगै अहिले पूर्वाधार निर्माण गरी व्यावसायिक उडान हुँदै आएको छ। पर्यटकीय सहर पोखरा र सुनौली जोड्ने सिद्धार्थ राजमार्गको त्रियासीबाट नजिकैको स्थान भएकाले पनि मन्साङकोटलाई प्याराग्लाइडिङ स्थलका रूपमा विकास गर्दै लगिएको उहाँले जानकारी दिनुभयो। "सिद्धार्थ राजमार्गबाट नजिकैको स्थानमा अवस्थित मन्साङकोटबाट टाढाटाढाका दृश्यहरू पनि देखिन्छन्", सञ्चालक सुनुवारले भन्नुभयो, "टाढाटाढासम्मको दृश्यावलोकन गर्न सकिनाका साथै ऐतिहासिक एवं पौराणिक महत्वसँग जोडिएको आँधीखोलाको किनारमा अवतरण गर्दा छुट्टै आनन्द आउने गर्छ।"

सिद्धार्थ राजमार्ग भएर सुनौली-पोखरा गर्ने स्वदेशी तथा विदेशी पर्यटकले सडकबाटै उक्त स्थान सजिलै देख्न सक्ने र जान सक्ने भएकाले पनि यहाँ भोलिका दिनमा पर्यटकको आवागमन बढ्दै जाने जिकिर उहाँको थियो। हावाको बहाव राम्रो हुनु, टाढाटाढाको दृश्य सजिलै देखिने, बजारबाट नजिक रहेको मन्साङकोटबाट छोटो दूरीको प्याराग्लाइडिङ गर्न उपयुक्त रहेको सञ्चालक सुनुवारले बताउनुभयो। मन्साङकोट समुद्र सतहदेखि झन्डै एक हजार तीन सय मिटरको उचाइमा रहेको छ। "छोटो दूरीको प्याराग्लाइडिङका लागि यो ठाउँ निकै उपयुक्त छ", उहाँले भन्नुभयो, "यसको प्रचुर सम्भावना हुँदाहुँदै पनि त्यहाँसम्म पुग्ने सडक स्तरोन्नति गर्न सके मात्रै पर्यटकको आवागमन वृद्धि हुने थियो।" अप्ठेरो भएका स्थानमा ढलान तथा नाली निर्माण गर्ने कार्यहरू भइरहेकाले त्यहाँसम्म पुग्न सहज हुन्छ। यहाँको आकाशमा उड्नका लागि देशका विभिन्न भागसहित विदेशबाट समेत पर्यटक आउने गरेका छन्। मन्साङकोटमा आन्तरिक तथा बाह्य पर्यटकको आकर्षण बढ्दै गएपछि यहाँको पूर्वाधार निर्माणमा जोड दिइएको मन्साङकोट पार्क संरक्षण समितिका अध्यक्ष एकनारायण काफ्लेले बताउनुभयो।

ललिता...

सार्वजनिक भएको थियो । सोही प्रकरणमा सिआइवीले अनुसन्धान गरिरहेको छ । ललिता निवास प्रकरणमा यसअघि तीनसय जनालाई प्रतिवादी बनाएर ब्यूरोले जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको थियो । त्यसपछि अनुसन्धान जारी रहेको बताए पनि थप प्रगति भएको थिएन। पछिल्लो चरणमा भने सिआइवीले अनुसन्धान तीव्र पारेको थियो। उक्त घटनाको सन्दर्भमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छुट्टै अनुसन्धान गरेर एक सय ७५ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दर्ता गरेको थियो। हाल उक्त मुद्दा विचाराधीन छ।

सिआइवीका प्रहरी उपरीक्षकको नेतृत्वमा गठित छानबिन समितिले ललिता निवासको जग्गामा सरकारी लिखत कीर्ते भएको निष्कर्षसहितको प्रतिवेदन दिएको थियो।

लोकतन्त्रको आधार :
सूचनाको अधिकार

◆सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
◆सार्वजनिक निकायहरु खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
◆सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
◆सूचनाको हकसम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।
सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

सुक्तिसुधा

आत्मा अमर छ, न यो जन्मन्छ न मर्छ । –गीता

सम्पादकीय

बैधानिक बाटो नछोड

जनता समाजवादी पार्टी (जसपा) नेपालको तीन दिनदेखि काठमाडौंमा जारी विधान अधिवेशन सम्पन्न भएको छा असार १० गतेदेखि नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा भएको विधान अधिवेशन जसपा नेपालको महत्त्वपूर्ण भेला हो। पार्टी एकता र विभाजनपछि भएको राजनीतिक जमघट हो । विधान अधिवेशनबाट विधान प्रमाणीकरणका लागि पार्टी अध्यक्ष उपेन्द्र यादव, राजेन्द्र श्रेष्ठ, रकम चेम्जोङ, लालबाबु राउत, सुशीला श्रेष्ठ र दीपेन्द्र झा रहेको विधान प्रमाणीकरण समिति बनाइएको सो पार्टीले जनाएको छ ।

विधान अधिवेशनमा उठेका विषय र समूहले निकालेका निष्कर्षका विषयलाई समावेश गरी विधानलाई अन्तिम रूप दिइने भएको छा प्रमाणीकरण समितिले विधान प्रमाणीकरण गरेसँगै उक्त विधान लागू हुनेछ । विधान अधिवेशनमा पार्टीको झण्डा फेर्नुपर्ने, ७० वर्षको उमेर हद राख्न नहुनेजस्ता विषय उठेको छापार्टीलाई एकल नेतृत्वबाट चलाउने अध्यक्ष उपेन्द्र यादवको चाहना तत्काल पुरा भएको छैन ।

यसैगरी जसपाले पहिचानमा आधारित राष्ट्रिय समितिलाई साङ्गठनिक संरचना मानेर जाने भएको छा प्रदेश समितिको मातहतमा राष्ट्रिय समिति रहने गरी विधानमा व्यवस्था गरिने भएको छ। विधान अधिवेशनमा पार्टी अध्यक्ष एवं मस्यौदा तयारी समितिका संयोजक उपेन्द्र यादवले विधानको मस्यौदा सोमबार प्रस्तुत गरेका थिए । उनले प्रस्तुत गरेको मस्यौदामाथि १० वटा समूहमा विभाजन गरेर भएको छलफल सकिएसँगै प्रत्येक समूहबाट एक-एक जना टोली नेताले आ-आफ्नो समूहमा छलफल गरी निकालिएको निष्कर्ष समूहका तर्फबाट प्रस्तुत गरेका थिए ।

अधिवेशनलाई समापन गर्दै अध्यक्ष यादवले पहिचानको मुद्दालाई यो विधानले बोक्ने भएकाले राष्ट्रिय समितिलाई अझै शक्तिशाली बनाउने धारणा राखेका थिए। पहिचानको लडाइँ अझै बाँकी रहेकाले जसपाले त्यसको नेतृत्व गर्ने र त्यसका लागि राष्ट्रिय समिति र प्रदेश समितिलाई अझ सशक्त बनाएर अगाडि बढ्ने वाचा गरेका छन। लामो समयसम्म अधिवेशन नभएको कारण केन्द्रीय समिति कति सदस्यीय हुने, कार्यकाल र पार्टीको विचारधारा के लिने भन्ने अन्योल थियो । अझै अन्योल हट्ने संकेत देखिएको छैन। अधिवेशनले पार्टीमा झन ऊर्जा थपेको बताउँदै विधान कार्यान्वयनमा आएपछि पार्टीको राजनीतिक गतिविधि सोहीअनुसार अगाडि बढाउनसमेत निर्देशन अध्यक्षले दिएका छन्।

जसपाको विधान अधिवेशनमा विभिन्न समिति र सङ्गठनबाट गरी सात सय ४६ जना प्रतिनिधि रहे पनि अधिवेशनमा भने जम्मा छ सय प्रतिनिधि सहभागी रहेको सो पार्टीले जनाएको छ । लामो समयदेखि नेताको तजविजीबाट चल्ने नेतृत्वलाई विधानअनुसार चलाउन दबाब दिने फोरम विधान अधिवेशन हो।बेलगाम भएर चल्न गाहो छापार्टी नेतृत्वलाई संगठन चुस्त बनाउनुपर्नेमा अनावश्यक सल्लाहकार र सुझाव कार्यदलले दिने सुझाव महत्त्वपूर्ण हुन्छापार्टी पंक्तिलाई सही मार्ग मा हिडाउन बैचारिक र सांगठनिक जिम्मेवारी बहाल गर्न सक्ने जनशक्ति आवश्यक छ।

तपाईको आज

मेष	: मन चञ्चल	**तुला**	: मानसिक तनाब
वृष	: सहयोग मिल्नेछ	**वृश्चिक**	: शारीरिक झमेला
मिथुन	: सत्कार मिल्नेछ	**धनु**	: ब्यापारमा लाभ
कर्कट	: सम्मान मिल्नेछ	**मकर**	: शत्रुको भय
सिंह	: अप्रत्यसित लाभ	**कुम्भ**	: झमेला बढ्ने
कन्या	: आर्थिक समस्या	**मीन**	: कार्यमा सफलता

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

आमाको सम्झनामा

शिवहरि सुवेदी

'बरू दुई छाक नखाए पनि मरिँदैन तर बेइमान गरेर खाने कोसिस कहिल्यै नगर्नु, जुनसुकै परिस्थितिमा पनि कर्तव्य नभुल्नू।' यो मेरी आमाको आदर्श वाणी मैले जीवनमा सकेसम्म पालना गरेको छु।

जीवनभर आमाको यो आदर्शमा रहन सके आमाप्रतिको सच्चा श्रद्धा हुने छ भन्ने विश्वासमा छु । यो बाटोमा हिँड्ने शक्ति भगवानले सधैं प्रदान गरून् । आमा, हजुरले छोडेर गएको पनि कति छिटै एक वर्ष भइसकेछ । मातृवात्सल्यबाट टाढिएको दिन सम्झँदा मुटुमा भक्कानो पर्छ आमा। आमा शब्द नै आफैमा काफी छ। नौ महिना गर्भमा राखेर हामीलाई संसार देखाई दश धारा दुध चुसाएको भारा त केही गरे पनि चुक्ता गर्न सकिनँ। आज हजुरको पहिलो स्मृति दिवस अर्थात् हाम्रो संस्कारानुसार पहिलो वार्षिकी श्राद्ध । १३ सन्तानलाई जन्म दिए पनि हामी ९ जना जीवित सन्तानकी छहारी गुमाएको पीडा अनि हजुरको अभाव दिनरात महसुस भइरहेको छ। घर देख्नेबित्तिकै पिढींमा बसेर हाम्रै बाटो हेरिरहनुभएको छ जस्तो लाग्छ । भान्सामा बसेर अझै हामीलाई नै मिठो खाना बनाउँदै हुनुहुन्छ भन्ने लाग्छ।

हजुर सुत्ने कोठामा जाँदा हजुरको काखमा लडीबुडी खेलेको झलक्क सम्झन्छु । अझ बढी त "अब साउनको १ गतेबाट त म तिमीहरूसँग पोखरा नै जान्छु । मलाई लिन बिहानै आऊ है !" भनेको त अहिले नै हो जस्तो लाग्छ। अब आमासँग बस्न पाइने भयो भनेर खुसी भएको त्यो मेरो खुसी आउन नपाउँदै गुम्यो। त्यो बेलाका ती शब्दहरू दिनहुँ विपनामा मात्र होइन सपनामा पनि गुन्जिरहेका छन् । जीवनका धेरै समय अभाव र दुःखसँग जुध्दै सन्तानका लागि समर्पण गर्नुभयो । जीवनको उत्तरार्धीतिर जुन बेला सन्तानबाट सुखको अनुभव गर्ने समय आयो, त्यो बेला दम रोगले दुःख दिन थाल्यो।

आखिर समग्र जीवन दुःखमै बित्यो । हाम्रो पेट भर्दा हजुरको पेट धेरै पटक खाली मैले प्रत्यक्ष अनुभव गरेको छु । आधा पेट खाना, टालो हालेका कपडा, दैनिक मेलापात, बिहानबेलुकाको भान्साको काम, त्यो बेलाको बुहार्तन अहिले सम्झँदा पनि आङ जिरिङ्ग हुन्छ । त्यो बेलामा पनि कक्षा ६ सम्म पढेका कारणले पनि आमा शिक्षित भएपछि सन्तानमा त्यसको सकारात्मक प्रभाव कसरी पर्छ भन्ने उदाहरणीय बनेकी हजुरकै कारण हामी यो अवस्थामा छौं । ' तिमीहरूको मावली सम्बन्ध सुमधुर राख्नुपर्छ। सहोदर मामा छैनन् भन्ने महसुस हुनुहुँदैन।' मामाघरको नाता नटुटोस भनेर सहोदर दाजुभाइ नभए पनि पैतृक सम्पत्ति आफ्नै सानाबुबालाई सुम्पिएर हामीलाई मामाघरको अभाव हुन नदिनु हजुरको महानता थियो । (मामाहरूले हामीलाई असाध्यै माया गर्नुहुन्छ। हामीलाई कहिल्यै पनि सहोदर मामाको कमी हुन दिनुभएको छैन।) हाम्रा खुसीका लागि आफ्ना सबै खुसी मेटाए पनि जीवनको अन्तिम क्षणमा रोगले निकै सतायो।

निरन्तर अक्सिजन लगाएर पनि करिब १ वर्ष त मृत्युसँग जुध्नुभयो तर अन्तत हाम्रो केही लागेन। हामी सबैलाई टुहुरो पारेर हजुर महाप्रस्थान गर्नुभयो । हजुरको आत्माले शान्ति पाओस्। हजुरको वैकुण्ठ बास होस्। हजुरको आशीर्वाद सधैं मिलिरहोस। यदि अर्को जन्म हुन्छ भने हजुरकै सन्तानको रूपमा जन्मन पाऊँ । हार्दिक श्रद्धा सुमन आमा।

मर्स्याङ्दी जलविद्युत्मा ५५ मेगावाट विद्युत् उत्पादन

पोखरापत्र संवाददाता

तनहुँ, १२ असार

आँबुखैरेनी गाउँपालिका-४ स्थित मर्स्याङ्दी जलविद्युत् केन्द्रमा हिउँदको तुलनामा विद्युत् उत्पादनमा वृद्धि भएको छ।

उनान्सत्तरी मेगावाट क्षमता रहेको उक्त केन्द्रमा हिउँदको समयमा ४० मेगावाट उत्पादन हुँदै आएकोमा अहिले ५५ मेगावाट उत्पादन भएको हो । पछिल्लो समय वर्षा हुन थालेपछि उत्पादन बढेपनि पूर्ण क्षमतामा उत्पादन हुन नसकेको केन्द्रका प्रमुख बद्री फुँयालले जानकारी दिनुभयो । "पूर्ण क्षमताको विद्युत् उत्पादन हुन अझै १४ मेगावाट विद्युत् पुगेको छैन", उहाँले भन्नुभयो, "लामो खडेरी परेका कारण नदीमा मिसिने खोला, झरना, खोल्सीको पानी घटेको र कतिपय सुकेकाले पूर्ण क्षमतामा उत्पादन हुन नसकेको हो।" यो समयमा प्रशस्त पानी पर्ने समय भए पनि लामो समयसम्मको खडेरीका कारण नदीमा पानीको बहाव बढ्न नसक्दा सोचेअनुरूपको विद्युत् उत्पादन बढ्न नसकेको उहाँले जानकारी दिनुभयो। साँझ र बिहान बिजुलीको माग धेरै हुने भएकाले नदीको पानी दिउँसो रिजर्भ ट्याङ्कीमा जम्मा गरी लैजाने र साँझ बिहान भने पूर्ण उत्पादन बढाउन लागिएको उहाँले बताउनुभयो । साँझ ५ बजेदेखि १० बजेसम्म र बिहान ५ बजेदेखि १० बजेको समयमा बढी विद्युत् खपत हुने भएकाले थुनेर राखेको पानीलाई छाडेर पूर्ण क्षमतामै उत्पादन गर्ने गरिएको छ । विद्युत्को माग धेरै भएको समयमा तीन वटा युनिटबाट २३/२३ मेगावाटका दरले पूर्ण क्षमताअनुरूपको ६९ मेगावाट विद्युत् उत्पादन भइरहेको छ।

मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी भएकाले चिसो मौसममा तापक्रम घट्दै जाँदा हिउँ कम पग्लिने र वर्षा नहुँदा यसका सहायक नदी, खोला, खोल्सी र झरनामा पानीको बहाव घटेसँगै विद्युत् उत्पादन पनि घट्ने गरेको छ। यस केन्द्रबाट उत्पादित विद्युत् चितवनको भरतपुरबाट काठमाडौँको स्टेसनमार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ।

कालिज पालनमा रमाउँदै आशिष

पोखरापत्र संवाददाता

गल्याङ, १२ असार

व्यावसायिक कालिजपालनतर्फ स्याङ्जाका कृषकको आकर्षण बढ्दै गएको छ। कालिजको मासु र अण्डा अत्यधिक माग हुन थालेपछि कालिजपालनलाई व्यावसायिक रुपमा विस्तार गरिँदै लगिएको हो।

जिल्लाको कालीगण्डकी, गल्याङ, वालिङ, पुतलीबजार लगायतका स्थानमा कृषकले कालिजपालन गरेका छन् । कालीगण्डकी गाउँपालिका-५ जैपातेस्थित सित्मामा आशिष न्यौपानेले 'आशिष दाइ बहुउद्देश्यीय कृषि फार्म' दर्ता गरेर कालिजपालनलाई व्यावसायिक रुप दिनुभएको हो।

एक वर्षअगाडि दुई सय कालिजका चल्लाबाट व्यवसाय सुरु गर्नुभएका उहाँले हालसम्म १७ लाख लगानी गरिसक्नुभएको छ । फार्म चार रोपनी जमिनमा फैलिएको छ । कालिजको मासुमा प्रचुर प्रोटिनको मात्रा, बोसो नहुने, जुनसुकै दीर्घरोगीले खान मिल्ने, सुत्केरीका लागि अत्यधिक पोषणयुक्त, स्वादिष्ट र नौलो भएकाले माग धेरै छ।

फार्ममा कालिज र स्थानीय जातका कुखुरासमेत छन् । एक वर्षमा रु चार लाख मूल्य बराबरको कालिज, स्थानीय जातका कुखुरा र अण्डा बिक्री गरिसकेको कृषक न्यौपानेले बताउनुभयो । वैदेशिक रोजगारमा पाँच वर्ष र अन्य रोजगारमा १३ वर्ष बिताउनुभएका न्यौपानेले सबै पेसाबाट सफलता प्राप्त गर्न नसकेपछि कालिजपालनतर्फलागेकोबताउनुभयो।"सात महिनासम्म कालिज पालनसम्बन्धी अध्ययन र अनुसन्धान गरेपछि कालिज पालन सुरु गरेको हुँ", उहाँले भन्नुभयो, "अहिले मेरै फार्मका अण्डा वालिङको ह्याचरीमा लगेर चल्ला उत्पादन गर्छु, यो वर्ष आफ्नै लगानीमा ह्याचरी मेसिन राख्ने र पाँच सय चल्ला पुर्‍याउने योजना छ।" "फार्ममा प्रतिकालिज रु २५ सय र अण्डा रु ५० देखि रु एक सयसम्ममा बिक्री हुने गरेको छ", उहाँले थप्नुभयो, "सामाजिक सञ्जालमा देखेर स्याङ्जा, गुल्मी, पर्वतबाट कालिज किन्न उहाँकोमा ग्राहक आउने गरेका छन्।" वैदेशिक रोजगारबाट फर्किनुभएकी न्यौपानेकी जीवनसङ्गीनी मिनाक्सीले व्यवसायमा उहाँलाई सघाइरहनुभएको छ । कालीगण्डकी गाउँपालिका-५ का वडाध्यक्ष रुकबहादुर थापाले हालसम्म कुनै पनि कृषकलाई राहतलगायत अनुदानका कार्यक्रम दिन नसकिएको बताउनुभयो। उहाँले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि कालीगण्डकी गाउँपालिका र हेफर इन्टरनेसनलको साझेदारीमा वडाका कृषकका हितमा काम गर्न लागिएको बताउनुभयो । साझेदारी कार्यक्रमअन्तर्गत कालिजलगायत अन्य पशुपक्षी पालन गर्ने कृषकको व्यवसाय विस्तारका लागि सहयोग गरिने स्पष्ट पार्नुभयो।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १६ स्थित महेन्द्र गुफा अर्मला खण्डको सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : महेन्द्र गुफा अर्मला खण्डको सडक निर्माण कार्य

ठेगानाः पोखरा–१६, कास्की, महेन्द्र गुफा, अर्मलाकोट

योजना सम्झौता मिति : २०८०/०२/२१ गते

योजना सुरु हुने मिति : २०८०/०२/२२ गते

योजना सम्पन्न मिति : २०८०/०३/१० गते

योजनाको कुल लागत : रु.१३,६३,२४८.३२/–

महानगरपालिकाबाट प्राप्त हुने रकम : १२,२६,२८४/–

जनसहभागिताबाट : रु.१३६२५३.७८/–

कुल लागतः १३,६२,५३७.७८/–

उपभोक्ता समिति अध्यक्षः नर सोभा गुरुङ

मो. ९८४६०६६५१५

महेन्द्र गुफा अर्मला खण्डको सडक निर्माण
पोखरा-१६, कास्की

'स्वास्थ्य बीमा: बन्दीपुरको जिम्मा'

पोखरापत्र संवाददाता

दमौली, १२ असार

तनहुँको बन्दीपुर गाउँपालिकाले पर्यटनलाई विशेष प्राथमिकतामा राखेर कार्यक्रम अगाडि बढाउने भएको छ।

पहाडकी रानी नामले परिचिते बन्दीपुरले आगामी आर्थिक वर्षमा 'सभ्य समाजको गाउँ, बन्दीपुर घुम्न जाउँ' अभियान सञ्चालन गर्न लागेको हो। बन्दीपुरको पर्यटनलाई विश्वसनीय, भरपर्दो र आकर्षक बनाउन विभिन्न प्रवर्द्धनका कार्यहरू प्राथमिकताका साथ अगाडि बढाइने गाउँपालिकाका अध्यक्ष सुरेन्द्र थापाले बताउनुभयो। बन्दीपुर आन्तरिक तथा बाह्य पर्यटकको गन्तव्यस्थलका रूपमा विकास भइरहेको र यसको थप प्रचार-प्रसार गरी धेरैभन्दा धेरै पर्यटक भित्र्याउने योजना बनाइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "आगामी आर्थिक वर्षमा बन्दीपुर घुम्न जाउँ भन्ने अभियानलाई सफल बनाउन प्रचार-प्रसारमा जोड दिन्छौं ।" बन्दीपुरलाई पर्यटकीय केन्द्र बनाइने र त्यसका लागि पूर्वाधार निर्माणमा जोड दिइने अध्यक्ष थापाले बताउनुभयो।

बन्दीपुर गाउँपालिकाका छवटै वडामा रहेका पर्यटकीय गन्तव्यलाई विकास गरिने नीति लिइएको उहाँले बताउनुभयो । उहाँका अनुसार देशका मुख्य सहर काठमाडौँ, पोखरा, बुटवल र विराटनगरमा बन्दीपुर घुम्न जाउँ अभियानसम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। उहाँले भन्नुभयो, "पर्यटकीयस्थलको संवर्द्धन र प्रवर्द्धन गरी गाउँपालिकालाई पर्यटनका माध्यमबाट समृद्ध बनाउने सोच राखिएको छ।"

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २५ हेमजा स्थित ढाडा सुर्का पहरेघाट बाटो निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : ढाडा सुर्का पहरेघाट बाटो निर्माण

ठेगानाः पोखरा–२५, कास्की

योजना सुरु भएको मिति : २०८०/०१/०३ गते

योजना सम्पन्न भएको मिति : २०८०/०३/११ गते

योजनाको कुल लागत : रु.४७,०७,२०२.६०/–

महानगरपालिकाबाट प्राप्त हुने रकम : ४०,००,०००/–

जनश्रमदानबाट : रु ७,०७,२०२.६०/–

उपभोक्ता समिति अध्यक्षः कुल प्रसाद दहाल

ढाडा सुर्का पहरेघाट बाटो निर्माण
उपभोक्ता समिति पोखरा-२५, कास्की

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं ३३ स्थित ठूलो पाखाहुँदै लामगादी जाने सडक स्तरोन्नती निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : ठूलो पाखाहुँदै लामगादी जाने सडक स्तरोन्नती

ठेगानाः पोखरा–३३, कास्की

योजना सम्झौता मिति : २०८०/०२/०८ गते

योजना सुरु हुने मिति : २०८०/०२/०९ गते

योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते

योजनाको कुल लागत : रु.११,११,२४१.१३/–

महानगरपालिकाबाट प्राप्त हुने रकम : १०,००,०००/–

जनश्रमदानबाट : रु १,११,२४१.३१/–

उपभोक्ता समिति अध्यक्षः प्रेम कुमार पुन

मो. ९८४७९२७८३२

ठूलो पाखाहुँदै लामगादी जाने सडक स्तरोन्नती
निर्माण उपभोक्ता समिति पोखरा-३३, कास्की

बराल बन्धुको कुल पूजा २२ को देउपानीमा हुने

पोखरापत्र संवाददाता
पोखरा, १२ असार

बराल बन्धुको कुल पूजा आउँदो मंसिर १० गते पोखरा २२ (पुम्दी भुम्दी) को देउपानीमा हुने भएको छ।

रवि शर्मा वराल का घ्रित कौसिक गोत्रिय सन्ततिहरुले देउपानीमा रहेको वराल कुल देवता मन्दिरमा वर्षेनी गरीने कुल पूजा यस बर्ष मंसिर १० गते हुने भएको बराल कुल देवता मन्दिर व्यवस्थापन समितिका सचिव हेमराज बरालले बताउनु भयो।

वैशाख महिनामा हुने उक्त पुजा यस वर्ष वुद्ध जयन्ती परेको र अषाढ पुर्णीमा बर्षादको समय हुँदा काठमाडौ, बुटवल, भैरहवा, दाङ, झापा लगायतका क्षेत्रमा रहेका वराल बन्धुहरूको यातायात र मौसमलाई ख्याल गर्दै मंसिरमा उक्त पूजा हुने निर्णय भएको उहाँले बताउनु भयो।

बराल बन्धुहरुले आफ्नो कुल र आफ्नो मनोकाक्षा पूरा हुने धार्मिक विश्वास र परम्परागत रुपमा चल्दै आएको उक्त संस्कारलाई हरेक बर्ष निरन्तरता दिदै आएको समितिका अध्यक्ष तुल्सीराम बरालले बताउनु भयो। उहाँले भन्नु भयो“वैशाखमा हुने उक्त कार्यक्रम विभिन्न कारणले गर्दा तेश्रो पटक सारेका छौं, यसमा हामीले आफ्नो समयलाई ब्यबस्थापन गरी बरालहरुको पुनर्रमिलनको पर्वको रुपमा समेत हामीले मनाउदै आएका छौं, यसमा हाम्रो भेटघाट पनि अर्को महत्वपूर्ण कार्यक्रम हो।”

बयासी वर्षीया ज्येष्ठ नागरिक पुनले बुनेका गलैँचा अमेरिका निर्यात

पोखरापत्र संवाददाता
बेनी, १२ असार

मङ्गला गाउँपालिका-१ भर्जुलाकी ८२ वर्षीया यामकुमारी पुनले सामाजिक कार्यसँगसँगै घरायसी आयआर्जनको कामलाई निरन्तरता दिँदै आउनुभएको छ। उमेरले वृद्धावस्थामा पुर्‍याए पनि उहाँको दैनिकी भने सक्रिय छ। बुनाईसम्बन्धी सीपलाई व्यावसायिक बनाएर जीवनयापन गर्दै आउनुभएकी उहाँले बुन्नुभएको गलैँचा स्वदेशदेखि विदेशसम्म बिक्री हुने गरेको छ।

परम्परागत तानमा कपडा बुन्ने सीपलाईव्यावसायिकबनाउनुभएकी पुनले हरेक दिन गलैँचा, झोला, गलबन्दी, स्वीटरलगायतका कपडा बुन्ने गर्नुहुन्छ। आफूले उत्पादन गरेका गलैँचा अमेरिकामा समेत निर्यात हुने गरेको उहाँले जानकारी दिनुभयो। “अमेरिकाबाट गलैँचा बुनिदिन धेरैले फोनमा खबर गर्नुहुन्छ, स्वदेश आएको समयमा यहाँ आएर उपहारका रूपमा गलैँचा लैजाने गर्छन्”, उहाँले भन्नुभयो। एउटा गलैँचा बुन्न १५ दिनसम्म लाग्ने र त्यसलाई रु सात हजारसम्ममा बिक्री हुने गरेको वृद्धा पुनले बताउनुभयो। फुर्सदको समयलाई बुनाइमा लगाउँदै आउनुभएकी उहाँले आफ्नो यसै पेसाबाट जीविकोपार्जन गर्दै आउनुभएको छ। गलैँचा बिक्री गरेरै एक तोला सुन खरिद गरेर गरगहना बनाएको पुनले बताउनुभयो। “मेरो अरु स्रोत छैन, आफ्नै मेहनतले दैनिकी चलाएको छु, आफूलाई आवश्यक पर्ने सबै खर्च आफ्नै पौरखबाट जुटाउने गरेको छु”, उहाँले थप्नुभयो।

झोला, गलबन्दी, स्वीटरलगायतका सामान घरगाउँमै बिक्री हुने गरेको छ। गलैँचा भने गाउँमा भन्दा बाहिर धेरै बिक्री हुने वृद्धा पुनको भनाइ छ। तानमा धागो बुनेर परम्परागत सीप र प्रविधिमार्फत बनाइने गलैँचा बाक्लो र आकर्षक हुने भएकाले विदेशसम्म निर्यात हुने गरेको हो। उहाँले आफ्नो सीपको व्यावसायीकरणसँगै स्थानीय आमा समूहको समेत नेतृत्व गर्दै आउनुभएको छ। समाजमा ज्येष्ठ नागरिकले पनि सामाजिक सङ्घसंस्थाको नेतृत्व नै गर्न सक्छन् भन्ने उदाहरण वृद्धा पुन बन्नुभएको छ। विसं २०५२ मा स्थापना भएको स्थानीय गोदावारी आमा समूहलाई उहाँले विगत २८ वर्षदेखि नेतृत्व गर्दै आउनुभएको छ।

गाउँमै भए पनि आमा समूहको पक्की भवन निर्माण गर्ने, समूहकै तरकारी खेती गर्ने, पुर्ख्यौली संरक्षणमा अगुवाइ गर्ने उहाँको हिम्मत अनुशरणयोग्य छ। गोदावारी आमा समूहले आफ्नै पक्की भवनसमेत निर्माण गरिरहेको छ। पुन सोही भवनमा एकलरूपमा बसोबास गर्दै आउनुभएको छ। गोदावारी आमा समूहले भर्जुलामा वृक्षरोपण, गाउँ सरसफाइलगायतका गतिविधिसमेत गर्दै आएको छ।

साफ च्याम्पियनसिप फुटबल : नेपालले पाकिस्तानलाई हरायो

रासस
काठमाडौं, १२ असार

भारतमा जारी १४औँ संस्करणको पुरुष साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताअन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले पाकिस्तानलाई पराजित गरेको छ।

भारतको बैङ्गलोरस्थित कान्तिराव स्टेडियममा आज भएको खेलमा नेपालले पाकिस्तानलाई१-०गोलअन्तरले पराजित गरेको हो। नेपालको जीतमा आशिष चौधरीले गोल गरे।

उनले खेलको ८० औँ मिनेटमा गरेको एक गोल नै नेपालका लागि निर्णायक गोल सावित भयो। आशिषले पेनाल्टी क्षेत्र बाहिरबाट लाकेन लिम्बुको पासमा उत्कृष्ट गोल गरेका हुन्।

समूह ‘ए’ मा रहेको नेपालको यो पहिलो जीत हो। नेपालले तीन खेलमा ३ अङ्क जोड्दै प्रतियोगिता टुङ्ग्याएको छ। यस जीतसँगै नेपाल अङ्क तालिकाको तेस्रो स्थानमा रह्यो।

त्यस्तै पराजित पाकिस्तानले अङ्कविहीन रहँदै प्रतियोगिताको अन्त्य गरेको छ।

पाकिस्तान अङ्क तालिकाको अन्तिम स्थानमा रह्यो। यस समूहबाट आयोजक भारत र कुवेत सेमिफाइनलमा पुगिसकेका छन्।

बाँझो जमिन खरिद गरी व्यावसायिक अङ्गुर खेती

-सानेबहादुर नेपाली/ मिला दरै
तनहुँ, १२ असार (रासस)

तनहुँको घिरिङ गाउँपालिका-४ स्थित बाह्रबीसेमा सुरु गरिएको व्यावसायिक अङ्गुर खेतीले यतिबेला उत्पादन दिन सुरु गरेको छ। फार्ममा उत्पादन भएको अङ्गुर टिप्ने र बजार पठाउने काम धमाधम भइरहेको फार्म सञ्चालक कुमार कार्कीले सुनाउनुभयो।

कार्कीका अनुसार फार्ममा पहिलो वर्ष करिब नौ हजार पाँच सय बिरुवा रोपिएको थियो। जसबाट वार्षिक १० हजार केजी अङ्गुर उत्पादन गर्ने कम्पनीको लक्ष्य छ।

वाइन उत्पादन गर्ने उद्देश्यसहित स्वीट्जरल्याण्डबाट विरुवा ल्याइ व्यावसायिक अङ्गुर खेती सुरु गरिएको ‘भाइन यार्ड एण्ड रिसर्च सेन्टर’का सञ्चालक समेत रहनुभएका कार्कीले बताउनुभयो। “हामीले यहाँ पहिलो वर्ष लार्भाको समस्या भोगेका थियौं। यसवर्ष भने पूर्वतयारीका साथ खेती गरिरहेका छौँ, उत्पादन पनि राम्रो भइरहेको छ”, कार्की भन्नुभयो। कार्कीले धादिङको थाक्रे गाउँपालिका-१० जुडे खोला केवलपुरमा पनि विगत १५ वर्षयता एक सय ५० रोपनी क्षेत्रफलमा अङ्गुर खेती गर्दै आउनुभएको छ। वाइनका लागि थप अङ्गुर आवश्यक भएपछि तनहुँको बाह्रबीसेमा दुई वर्षयता ७० रोपनी बाँझो जमिनमा अङ्गुर खेती सुरु गरिएको उहाँको भनाइ छ। कार्कीका अनुसार हाल विभिन्न ३२ प्रजातिका अङ्गुर खेती गरिए पनि केही प्रजातिका अङ्गुरले मात्रै राम्रो उत्पादन दिइरहेका छन्। “स्वीट्जरल्याण्डबाट रु सातसयदेखि रु एक हजारसम्म खर्चेर ३२ प्रजातिका विरुवा ल्याएका थियौँ, यद्यपि हाल आठदेखि दश प्रजातिका अङ्गुरले मात्रै राम्रो उत्पादन दिएका छन्”, उहाँले भन्नुभयो। बिरुवा लगाएको पहिलो वर्षमा नै अङ्गुरले फल दिन सुरु गरेको उहाँको भनाइ छ। उहाँका अनुसार धादिङको फार्ममा रु ३८ करोड ५० लाख र तनहुँमा रु एक करोड ५० लाख गरी रु ४० करोड लगानी भइसकेको छ। “हामीसँग हाल वार्षिक तीन लाख लिटर वाइन उत्पादन क्षमता छ, यसले पनि अङ्गुर खेतीलाई प्रोत्साहन गरेको छ”, उहाँले भन्नुभयो, “वाइनको माग राम्रो भएकाले अङ्गुर उत्पादन खपतको चिन्ता छैन।” उहाँका अनुसार कम्पनीले ७५० एमएलको बोतल तीन प्रकारका वाइन उत्पादन भइरहेको छ। जसलाई बजारमा प्रतिबोतल रु एक हजार दुई सयमा बिक्री गरिरहेको कार्कीको भनाइ छ। कार्कीको फार्ममा हारियोमा सुजी, कायाबिनेट क्यान्टर, मनाज, सोबिनियन ग्रीस, तथा खानका लागि फन्नी, सोफिया, आरकडिया, पोलिस्की, दुचबा, चालिचमानलगायतका प्रकारको अङ्गुर उत्पादन भइरहेको छ।

“विरुवा रोपेको एक वर्षमै फल दिन सुरु भइसकेको छ, पहिलो वर्ष प्रतिबोट तीनदेखि चार केजीसम्म अङ्गुर उत्पादन हुने अनुमान छ”, फार्ममा कार्यरत प्राविधिक सान्नानी तामाङले भन्नुभयो, “अङ्गुरको बोटमा चैत/वैशाखमा फूल फुल्छ भने त्यसपछि तीनमहिनामा फल टिप्ने खालको हुन्छ।”। फागुनदेखि फूल खेल्ने र असारको पहिलो सातासम्म फल टिप्न सकिने तामाङको भनाइ छ। फार्ममा दैनिक ज्यालादारीमा मासिक १२ देखि १५ जनाले स्थानीयले प्रत्यक्ष रोजगारी पाइरहेका छन्। विशेष गरी फार्ममा घाँस कटाई, बिरुवा गोडमेल, मल तथा अन्य व्यवस्थापकीय कामबाट स्थानीय रोजगारी पाएको र राम्रो आम्दानीको स्रोत समेत बनेको तामाङको भनाइ छ। नेपालमा अङ्गुर खेती सफल हुँदैन भन्ने भ्रमलाई चिर्न आफूहरू सफल भएको सञ्चालक कार्कीको भनाइ छ। प्राविधिकको अध्ययनपश्चात नै यहाँ अङ्गुर खेती सुरु गरिएको उहाँले जानकारी दिनुभयो।

धादिङमा भएको फार्मका लागि बागमती प्रदेश बिग फार्म शीर्षक अन्तर्गत १२ वटा फार्ममा पर्न सफल भइ रु ५५ लाख अनुदान समेत प्राप्त भइसकेको कार्कीले सुनाउनुभयो। घिरिङको माटोमा अङ्गुर उत्पादन राम्रो हुने भएपछि यहाँका किसानलाई पनि खेतीतर्फ प्रोत्साहन गर्न पालिकासँग समन्वय भइरहेको कृषि शाखा अधिकृत रवि रामदामले बताउनुभयो। “यहाँको मौसम र माटोले अङ्गुर खेती उपयुक्त मानिएको छ”, उहाँले भन्नुभयो।

सबै भुक्तानी असार २४ गतेभित्र गरिसक्न परिपत्र

रासस
काठमाडौं, १२ असार

चालु आर्थिक वर्षको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सिर्जना भएको आर्थिक दायित्वको भुक्तानी असार २४ गतेभित्र गरिसक्न महालेखा नियन्त्रक कार्यालयले सबै जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) र प्रदेश लेखा नियन्त्रक कार्यालय (प्रलेनिका) लाई परिपत्र गरेको छ।

महालेखा नियन्त्रक कार्यालयले आइतबार सबै कोलेनिका र प्रलेनिकालाई पत्र पठाउँदै असार २४ गतेपछि भुक्तानी रोक्न भनेको हो। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक वर्ष सकिन सात दिनअगावै सबै भुक्तानी गरिसकेर खाता बन्द गरिसक्नुपर्ने व्यवस्था छ। सोही व्यवस्थाअनुसार महालेखा नियन्त्रक कार्यालयले परिपत्र गरेको हो।

प्रदेश तथा स्थानीय तहको बजेट भुक्तानी निकासाका लागि प्रयोग हुँदै आएका स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सूत्र), एकल खाता कोष प्रणाली (टिएसए) र कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) एक हप्ताका लागि बन्द हुनेछन्।

सङ्घ, प्रदेश तथा स्थानीय तहको भुक्तानी निकासीका सम्बन्धमा परिपत्र गरिसकेको भए पनि आवको अन्त्यमा धेरै भुक्तानी हुने प्रवृत्ति रोक्न र चालु आवमा सिर्जना भइसकेको भुक्तानी दायित्व आगामी आव सर्न गएमा त्यसको व्यवस्थापनका लागि महालेखा नियन्त्रक कार्यालयको भूमिका नरहने प्रवक्ता शम्भुप्रसाद मरासिनी बताउनुहुन्छ। ‘चालु आवमा भएको खर्चको भुक्तानी असार २४ गतेभित्र हुन नसकेको अवस्थामा र आगामी आवको बजेटबाट भुक्तानी गर्नुपर्ने अवस्था आइलागेमा त्यसको व्यवस्थापन कसरी हुन्छ ?’ भन्ने राससको प्रश्नमा प्रवक्ता मरासिनीले सम्बन्धित कार्यालय र लेखा उत्तरदायी अधिकारी त्यसका लागि जिम्मेवार हुनुपर्ने बताउनुभयो। “आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीको व्यवस्थाअनुसार नयाँ आव सुरु हुनु सात दिनअगावै चालु आवका सबै खाता बन्द हुन्छन्। चालु आवको भुक्तानी मिलान आगामी आवको बजेटबाट गर्नुपर्ने अवस्था आएमा त्यसका लागि सम्बन्धित कार्यालय तथा लेखा उत्तरदायी अधिकारी नै जिम्मेवार हुन्छन्।

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं १६ अर्मलाकोटमा अबस्थित अर्मलाकोट पर्यटन प्रबर्द्धन सामुदायिक होम स्टे भवनको मर्मत गर्नको लागि निम्न बमोजिमको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नाम : अर्मलाकोट होमस्टे साँस्कृतिक हल मर्मत योजना
ठेगानाः पोखरा–२१, कास्की
योजना सम्झौता मिति : २०८०/०१/३१ गते
योजना सुरु हुने मिति : २०८०/०२/०१ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजना सम्पन्न भएको मितिः २०८०/०३/१२ गते
योजनाको कुल लागत : रु ५,०४,०००/-
महानगरपालिका बाट : रु ४,५४,०००/-
जनसहभागिता : रु ५०,०००/-
उपभोक्ता समिति अध्यक्ष : बबिता गुरुङ

अर्मलाकोट पर्यटन प्रवर्द्धधन सामुदायिक होम स्टे उपभोक्ता समिति पोखरा-१६

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्थित दुवार कश्यपघाट मन्दिर तथा चौतारी संरक्षण निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : दुवार कश्यपघाट मन्दिर तथा चौतारी संरक्षण
ठेगानाः पोखरा–२१, कास्की
योजना सम्झौता मिति : २०८०/०२/२५ गते
योजना सुरु मिति : २०८०/०२/२६ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु.६,००,४७५.२१/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : ६,००,४७५.२१/-
उपभोक्ता समिति अध्यक्षः रमादेवी आचार्य
मो. ९८५६०२७०३८

दुवार कश्यपघाट मन्दिर तथा चौतारी संरक्षण उपभोक्ता समिति पोखरा-२१, कास्की

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्थित देउराली चोकदेखि वडा कार्यालय जाने सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : देउराली चोकदेखि वडा कार्यालय जाने सडक
ठेगानाः पोखरा–२१, कास्की
योजना सम्झौता मिति : २०८०/०२/२६ गते
योजना सुरु हुने मिति : २०८०/०२/२७ गते
योजना सम्पन्न मिति : २०८०/०३/०७ गते
योजनाको कुल लागत : रु.१०,१६,५३८/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : १०,००,०००/-
उपभोक्ता समिति अध्यक्षः खिमलाल सुवेदी
मो. ९८४६७१९२४३
अनुगमन समिति संयोजकः मैना सुवेदी

देउराली चोकदेखि वडा कार्यालय जाने सडक निर्माण उपभोक्ता पोखरा-२१, कास्की

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्यार्तुङ रातामाटा टोल भुसबारी खोरिया निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : स्यार्तुङ रातामाटा टोल भुसबारी खोरिया निर्माण
ठेगानाः पोखरा–२१, कास्की
योजना सम्झौता मिति : २०८०/०२/०२ गते
योजना सुरु मिति : २०८०/०२/०३ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१० गते
योजनाको कुल लागत : रु.६,७०,०८६.२०/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : ६,००,०००/-
जनश्रमदानबाट : रु ७०,०८६.२०/-
उपभोक्ता समिति अध्यक्षः गोविन्द आचार्य
मो. ९८४६९२७१७

स्यार्तुङ रातामाटा टोल भुसबारी खोरिया निर्माण उपभोक्ता समिति पोखरा-३३, कास्की

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्थित फेदीपाटन खेतमा बाढी पहिरो नियन्त्रण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : फेदीपाटन खेतमा बाढी पहिरो नियन्त्रण
ठेगानाः पोखरा–२१, कास्की
योजना सम्झौता मिति : २०८०/०२/०५ गते
योजना सुरु मिति : २०८०/०२/०६ गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/०७ गते
योजनाको कुल लागत : रु.११,११,२४५.५०/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.१०,००,०००/-
जनश्रमदानबाटः रु १,११,२४५.५०/-
उपभोक्ता समिति अध्यक्षः नारायण प्रसाद पौडेल
मो. ९८४६४६४९८५

फेदीपाटन खेतमा बाढी पहिरो नियन्त्रण उपभोक्ता समिति पोखरा-२१, कास्की

नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं २१ स्थित सार्वजनिक शौचालय फेदीपाटन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : सार्वजनिक शौचालय फेदीपाटन
ठेगानाः पोखरा–२१, कास्की
योजना सम्झौता मिति : २०८०/०२/१९ गते
योजना सुरु मिति : २०८०/०२/२० गते
योजना सम्पन्न हुने मिति : २०८०/०३/१५ गते
योजनाको कुल लागत : रु.५,००,०००/-
महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,०००/-
उपभोक्ता समिति अध्यक्षः मिलन पौडेल
मो. ९८४६०४२८९५

दुवार कश्यपघाट मन्दिर तथा चौतारी संरक्षण उपभोक्ता समिति पोखरा-२१, कास्की